# <u>वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको कानूनी प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७५</u>

<u>नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत मितिः २०७५/०३/१४</u>

<u>**प्रस्तावनाः**</u> वैदेशिक रोजगारीका लागि विदेश गएको अवस्थामा कुनै फौजदारी कसूरको अभियोग लागेका नेपाली कामदारलाई निजको तर्फबाट कानूनी प्रतिरक्षा तथा बहस पैरवी गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२क. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ।

**१.** <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यो निर्देशिकाको नाम "वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको कानूनी प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) "ऐन" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनुपर्छ ।

(ख) "करार अवधि" भन्नाले रोजगारदाता संस्था वा निजको प्रतिनिधि र कामदार तथा इजाजतपत्रवाला र कामदारबीच भएको सहमति अनुसारको अवधि सम्झनुपर्छ।

(ग) "कोष" भन्नाले ऐनको दफा ३२ बमोजिम स्थापना भएको वैदेशिक रोजगार कल्याणकारी कोष सम्झनुपर्छ ।

(घ) "नियमावली" भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ सम्झनुपर्छ ।

(ङ) "नियोग" भन्नाले कुनै विदेशी मुलुकस्थित नेपाली दुतावास, स्थायी नियोग, नेपाली महावाणिज्य दुतावास, वाणिज्य दूतावास, विशेष नियोग वा कुटनैतिक कार्य गर्न नेपाल सरकारले स्थापना गरेको विदेशस्थित कुनै कार्यालय सम्झनु पर्छ र सो शब्दले रोजगारदाता मुलुकको लागि तोकिएको सहप्रमाणिकृत नेपाली नियोगलाई समेत जनाउँछ ।

(च) "परिवार" भन्नाले वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्की आएका कामदार आफैंले पालनपोषण गर्नुपर्ने निजको पति वा पत्नी, छोरा, छोरी वा आमा, बाबु तथा महिला कामदारको हकमा निजको सासु ससुरा समेतलाई सम्झनुपर्छ ।

(छ) "फौजदारी कसूर" भन्नाले वैदेशिक रोजगारमा गएका नेपाली कामदारलाई रोजगारदाता मुलुकको कानून बमोजिम मृत्युदण्डको सजाय वा कैद सजाय वा दुई लाख रुपैयाँभन्दा बढी जरिवाना हुन सक्ने फौजदारी कसूर सम्झनुपर्छ ।

(ज) "बोर्ड" भन्नाले वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड सम्झनुपर्छ ।

(झ) "सचिवालय" भन्नाले बोर्डको सचिवालय सम्झनुपर्छ ।

३. <u>**कानूनी प्रतिरक्षा तथा बहस पैरवीको व्यवस्था:**</u> प्रचलित कानून बमोजिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गएका कामदारलाई करार अवधिभित्र फौजदारी कसूरको अभियोग लागेमा त्यस्ता कामदारको लागि यस निर्देशिकाको अधीनमा रही कानूनी प्रतिरक्षा तथा बहस पैरवीको व्यवस्था गरिनेछ ।

४. **कानूनी प्रतिरक्षा तथा बहस पैरवीको व्यवस्था नहुने:** दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कामदारको लागि कानूनी प्रतिरक्षा तथा बहस पैरवीको व्यवस्था हुने छैनः–

(क) फौजदारी कसूरको अभियोग लागेका कामदारको अभियोग लागेको अवस्थामा करार अवधि समाप्त भईसकेकोमा,

(ख) श्रम स्वीकृति नलिई वैदेशिक रोजगारमा गएकोमा,

(ग) कानूनी प्रतिरक्षा तथा बहस पैरवीका लागि कुनै व्यक्ति, संस्था वा निकायले सहयोग गरेकोमा,

५. **निवेदन दिने:** (१) फौजदारी कसूरको अभियोग लागेका कामदार वा निजका परिवारले दफा ३ बमोजिमको कानूनी प्रतिरक्षा तथा बहस पैरवीको व्यवस्था हुन माग गरी विदेशमा भए सम्बन्धित नियोग र स्वदेशमा भए सचिवालयमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा देहायका कुरा समावेश गर्नु पर्नेछः–

(क) कामदारको राहदानीको प्रतिलिपि,
(ख) कामदारको श्रम स्वीकृतिको निस्सा प्रमाणपत्रको प्रतिलिपि,
(ग) निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(घ) निवेदकको कामदारसँगको नाता प्रमाणित भएको कागजात,
(ङ) कामदारलाई फौजदारी कसूरको अभियोग लागेको प्रमाण कागजातको प्रतिलिपि,
(च) कामदार वा निजको परिवारले आफ्नै श्रोतबाट कानूनी प्रतिरक्षा तथा बहस पैरवी गर्न असमर्थ रहेको आधार र कारण,

(छ) कुनै व्यक्ति, संस्था वा निकायबाट सहयोग प्राप्त हुने अवस्था भए वा नभएको,

(ज) रोजगारदाता मुलुक वा त्यस्तो मुलुकको कुनै निकाय वा इजाजतपत्रवाला संस्थाको दायित्वभित्र कानूनी प्रतिरक्षा तथा बहस पैरवीको विषय पर्ने वा नपर्ने ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फौजदारी अभियोग लागेका कामदार वा निजको परिवार आफैंले निवेदन नदिएमा वा दिन सक्ने अवस्था नभएमा उक्त विषयमा नियोगलाई जुनसुकै माध्यमबाट जानकारी प्राप्त भएमा नियोगले कानूनी प्रतिरक्षा तथा बहस पैरवीको कारबाही अघि बढाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक कारबाहीका लागि सचिवालयले सम्बन्धित नियोगमा निवेदन पठाउनु पर्नेछ।

(५) उपदफा (१) तथा (४) बमोजिम नियोगमा प्राप्त भएको निवेदनमा नियोगले आवश्यक जाँचबुझ गरी कामदारलाई लागेको अभियोगको प्रकृति,सम्बन्धित रोजगारदाता मुलुकको अभियोग सम्बन्धी कानूनी व्यवस्था, अभियोगको सुनुवाई प्रक्रिया तथा अभियोग उपरको कानूनी प्रतिरक्षाको सम्बन्धमा सम्बन्धित अधिकारीसँग आवश्यक जानकारी लिनु पर्नेछ।

६. <u>**सिफारिस गर्नुपर्ने:**</u> (१) दफा ५ बमोजिम जानकारी लिईसकेपछि नियोगले कामदारको कानूनी प्रतिरक्षा तथा बहस पैरवी गर्नुपर्ने देखिएमा देहायका विवरण खुलाई सिफारिस सहित परराष्ट्र मन्त्रालयमा पठाउनु पर्नेछः–

(क) फौजदारी कसूरको अभियोग लागेका कामदारको अभियोग लागेको अवस्थामा करार अवधि कायम रहे वा नरहेको,

(ख) फौजदारी कसूरको अभियोग लागेका कामदारको कसूरको प्रकृति,

(ग) कुनै व्यक्ति, संस्था वा निकायबाट सहयोग प्राप्त हुने अवस्था भए वा नभएको,

(घ) रोजगारदाता मुलुक वा त्यस्तो मुलुकको कुनै निकाय वा इजाजतपत्रवाला संस्थाको दायित्वभित्र कानूनी प्रतिरक्षा तथा बहस पैरवीको विषय पर्ने वा नपर्ने,

(ङ) कानूनी प्रतिरक्षा तथा बहस पैरवीको लागि आवश्यक पर्ने अनुमानित रकम,

(२) उपदफा (१) बमोजिम नियोगको सिफारिस सहित प्राप्त हुन आएका विवरण जाँचबुझ गर्दा कानूनी प्रतिरक्षा तथा बहस पैरबी गर्नुपर्ने देखिएमा परराष्ट्र मन्त्रालयले कानूनी प्रतिरक्षा तथा बहस पैरवीको लागि सिफारिस गरी सचिवालय समक्ष पठाउनुपर्नेछ ।

(३) सचिवालयले उपदफा (२) बमोजिम सिफारिस प्राप्त भएपछि प्रारम्भिक रुपमा जाँचबुझ गर्दा कानूनी प्रतिरक्षा तथा बहस पैरवीको व्यवस्थाका लागि कुनै विवरण वा कागजात आवश्यक देखिएमा नियोगबाट त्यस्तो विवरण माग गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम परराष्ट्र मन्त्रालयबाट सिफारिस सहित प्राप्त हुन आएका कानूनी प्रतिरक्षा तथा बहस पैरवीको सहयोग उपलब्ध गराउनुपर्ने विषयको निवेदन र सो सँग सम्बन्धित निवेदकको आर्थिक अवस्था खुल्ने कागजात समेत सबै विवरण सचिवालयले बोर्ड समक्ष पेश गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम सचिवालयबाट प्राप्त निवेदन उपर छानविन तथा जाँचबुझ गर्दा कामदारलाई कानूनी प्रतिरक्षा तथा बहस पैरवीको व्यवस्था गर्नुपर्ने देखिएमा सो वापत लाग्ने खर्चसमेत उल्लेख गरी

बढीमा पन्ध्र लाख रुपैयाँसम्म उपलब्ध गराउने गरी बोर्डले निर्णय गर्नुपर्नेछ ।

७. **<u>रकम उपलब्ध गराउने:</u>** दफा ६ को उपदफा (५) बमोजिम बोर्डबाट निर्णय भएपछि सचिवालयले सो निर्णय बमोजिमको रकम फौजदारी कसूरको अभियोग लागेका कामदारलाई कानूनी प्रतिरक्षा तथा बहस पैरवीको लागि कोषबाट व्यहोरिने गरी सम्बन्धित नियोगलाई उपलब्ध गराउनेछ ।

८. **<u>कानून व्यवसायी नियुक्त गर्ने:</u>** फौजदारी कसूरको अभियोग लागेका कामदारको कानूनी प्रतिरक्षाको लागि सम्पर्क तथा सहयोगको प्रारम्भिक कार्य सम्पन्न गरी त्यस्ता कामदारको लागि कानूनी प्रतिरक्षा तथा बहस पैरवीको निमित्त नियोगले सम्बन्धित मुलुकका योग्यता पुगेका कानून व्यवसायी नियुक्त गर्नेछ ।

९. **<u>कानूनी प्रतिरक्षा व्यवस्थापन खर्च:</u>** सचिवालयले कानूनी प्रतिरक्षा तथा बहस पैरवी सम्बन्धमा आवश्यक पर्ने रकम बोर्डले तोकेबमोजिम सम्बन्धित नियोगलाई उपलब्ध गराउनेछ ।

१०. **<u>पेश्कीको रुपमा रकम उपलब्ध गराउने:</u>** (१) दफा ६ को उपदफा (५) तथा दफा ९ बमोजिम कानूनी प्रतिरक्षा तथा बहस पैरवी वापतको रकम नियोगको नाममा पेश्कीको रुपमा पठाइनेछ ।

(२) नियोगले उपदफा (१) बमोजिम प्राप्त भएको पेश्की रकम दफा ८ बमोजिमको कानून व्यवसायीलाई भुक्तानी दिई त्यसको भर्पाइ र सो सम्बन्धी विवरण सचिवालयमा पठाउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुन आएका भर्पाइ र विवरणको आधारमा सचिवालयले सम्बन्धित नियोगको नामको पेश्की फछ्र्यौट गरी फरफारक गर्नुपर्नेछ ।

**११. <u>कामदारको दायित्व</u>** (१) वैदेशिक रोजगारमा गएको कामदारलाई फौजदारी कसूरको अभियोग लागी उक्त मुद्दामा पुर्पक्ष वा पुनरावेदनका क्रममा धरौटी राख्नुपर्ने भएमा कामदार आफैले सो धरौटीको व्यवस्था गर्नुपर्नेछ ।

(२) फौजदारी कसूरको अभियोग लागेको कामदारको मुद्दा फैसला भई दण्ड जरिवाना तिर्नु पर्ने भएमा फैसला बमोजिमको दण्ड जरिवानाको रकम कामदार आफैंले व्यहोर्नेछ ।

(३) मुद्दाको फैसला हुंदा कामदारले तीस लाख वा सो भन्दा बढी रकम क्षतिपूर्ति पाएमा निजलाई कानूनी प्रतिरक्षा तथा बहस पैरवी वापत उपलब्ध गराईएको रकम कोषमा फिर्ता गर्नुपर्नेछ ।

**१२. <u>नियोगको दायित्व:</u>** यस निर्देशिकामा उल्लिखित अन्य काम, कर्तब्यका अतिरिक्त फौजदारी कसूरको अभियोग लागेका कामदारलाई कानूनी प्रतिरक्षा तथा बहस पैरवीको सुविधा उपलब्ध गराउने सम्बन्धमा नियोगको दायित्व देहाय बमोजिम हुनेछः–

(क) फौजदारी कसूरको अभियोग लागेका वा थुनामा रहेका वा कैद भुक्तान गरिरहेका कामदारको लगत तथा विवरण संकलन गर्ने,

(ख) फौजदारी कसूरको अभियोग लागेका वा थुनामा रहेका वा कैदको सजाय भुक्तान गरिरहेका कामदारको तर्फबाट कानूनी प्रतिरक्षा तथा बहस पैरवीको अवस्थाको जानकारी लिने,

(ग) कामदारका लागि सम्बन्धित मुलुकको सरकारी निकाय वा अन्य निःशुल्क कानूनी सहायता प्रदान गर्ने व्यक्ति, संस्था वा निकायसँग कानूनी प्रतिरक्षा तथा बहस पैरवीका लागि छलफल तथा परामर्श गर्ने,

(घ) कोषबाट खर्च व्यहोर्ने गरी कानूनी प्रतिरक्षा तथा बहस पैरवी गर्नुपर्ने अवस्था भएका कामदारको विवरण संकलन गरी परराष्ट्र मन्त्रालय मार्फत सचिवालयमा पठाउने,

(ङ) कोषबाट प्राप्त भएको पेश्की रकम तोकिएको काममा खर्च गरी सो को बिल, भर्पाइ तथा विवरण पेश्की फछ्यौटका लागि सचिवालयमा पठाउने,

(च) नियोगमा प्राप्त निवेदनको बारेमा जाँचबुझ गरी कानूनी प्रतिरक्षा तथा बहस पैरवीको व्यवस्था मिलाउने,

(छ) कामदारको कानूनी प्रतिरक्षा तथा बहस पैरवीका लागि सहयोग पुग्ने विषयसँग सम्बन्धित अन्य कार्य गर्ने,

(ज) यस निर्देशिकाको कार्यान्वयनको लागि परराष्ट्र मन्त्रालय र बोर्डसँग आवश्यक समन्वय तथा सहयोग गर्ने ।

१३. **<u>सचिवालयको दायित्वः</u>** सचिवालयको दायित्व देहाय बमोजिम हुनेछः–

(क) बोर्डको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) कामदारको कानूनी प्रतिरक्षा तथा बहस पैरवीका विषयमा भएको खर्चको हिसाब राख्ने र सो को लेखापरीक्षण गराउने,

(ग) नियोगमा पठाएको पेश्की रकम तथा नियोगबाट फछ्र्यौट भइ आएको हिसाव तथा कागजातको लगत राख्ने,

(घ) दफा १४ बमोजिमको प्रतिवेदन तयार गरी बोर्ड तथा मन्त्रालयमा पेश गर्ने,

(ङ) बोर्डले तोकेको अन्य कार्य गर्ने ।

१४. **<u>प्रतिवेदन पेश गर्नेः</u>** सचिवालयले यस निर्देशिका बमोजिम फौजदारी कसूरको अभियोग लागेका कामदारलाई कोषबाट गरेको खर्चको विवरण स्पष्ट खुल्ने गरी चौमासिक रुपमा प्रतिवेदन तयार गरी बोर्ड तथा मन्त्रालयमा पेश गर्नुपर्नेछ ।